# स्थानीय राजपत्र

## गोकर्णेश्वर नगरपालिका, काठमाण्डौद्वारा प्रकाशित

खण्डः २) काठमाण्डौ, वैशाख महिना ९ गते , २०७५ साल संख्याः ४

## भाग २

## गोकर्णेश्वर नगरपालिका
## नगरकार्यपालिका कार्यालयको सूचना

### गोकर्णेश्वर नगरपालिका राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः** नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागको व्यवस्था गर्न, स्थानीय

राजपत्रको नमूना तथा ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गोकर्णेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगरकार्यपालिकाले देहायको कार्यविधिबनाई लागू गरेकोछ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नामः**यस कार्यविधिको नाम"स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

२. **कार्यविधि प्रारम्भ हुनेः** यो कार्यविधि गोकर्णेश्वर नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

परिच्छेद-२

## स्थानीय राजपत्रको भाग र ढाँचा

३. **स्थानीय राजपत्रको भागः** स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची-१ बमोजिमको भागमा वर्गीकरण गरिएको छ।

४. **स्थानीय राजपत्रको ढाँचाः** ऐन प्रकाशन हुने स्थानीय राजपत्रको ढाँचा अनुसूची-२ बमोजिम र नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वाअन्य स्थानीय तहसँग भएको सम्झौता प्रकाशन हुने स्थानीय राजपत्रको ढाँचा अनुसूची-३ मा उल्लेख भएबमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्थाः** स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएकोशुरुको वर्षलाईखण्ड १ कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै खण्ड उल्लेख गरी प्रकाशन गरिनेछ ।उदाहरणका लागि राजपत्र प्रकाशनको पहिलो वर्ष २०७४ भएकोले यस वर्ष प्रकाशन हुने राजपत्रमा खण्डः १, २०७५ सालमा प्रकाशन हुनेमा खण्डः २र त्यसपछि क्रमैसँग खण्ड उल्लेख गर्दै प्रकाशन गरिने छ ।

६. **स्थानीय राजपत्रको संख्याः** (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली वर्षलाई आधार मानी सो वर्षभरी प्रमाणीकरण वा स्वीकृत भएका कानून प्रकाशन भएको संख्या क्रमैसँग राखी अर्को वर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्रीः**स्थानीय राजपत्र कुनै सामग्री प्रकाशन गर्दा विषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तैः ऐन प्रकाशन गर्दा भाग१ उल्लेख गर्ने) त्यसपछि क्रमशः गोकर्णेश्वरनगरपालिकाको पूरा नाम, प्रकाशन सामग्री ( ऐन, नियम, कार्यविधि, निर्देशिका वा मापदण्डको पूरा नाम र प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीः**स्थानीय राजपत्रगोकर्णेश्वरनगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको नामबाट प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र "गोकर्णेश्वर नगरपालिकाको प्रमुख

प्रशासकीय अधिकृत" भन्ने वाक्यांश राखी प्रकाशन गर्नु पर्नेछ। प्रमुख प्रशासकीय अधिकृतले कुनै आफ्नो कार्यालयको कुनै अधिकृत कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकृतको नाम र पद उल्लेख गरी प्रकाशन गरिनेछ।

## परिच्छेद-३

## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारीः**(१) नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतले आफ्नो कार्यालयको कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जिम्मेवारी तोकिएकोमा त्यसरी तोकिएको शाखा वा एकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ।

१०. **प्रकाशनपूर्व सम्पादन गर्नुपर्नेः**(१) स्थानीय राजपत्रमा प्रकाशन हुने सामग्रीनगर कार्यपालिकाको कानून सम्बन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादनगर्नु वा गराउनु पर्नेछ।

(२) उपदफा (१)बमोजिम सम्पादित सामग्रीको प्रति प्रमाणीकरणगराईप्रकाशनको लागि सम्बन्धित शाखा वा एकाइमा पठाउनु पर्नेछ।

११. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः**(१) दफा १० बमोजिम प्रमाणीकरण भई आएकासामग्रीको अभिलेखदुरुस्त राखिनेछ।

(२) उपदफा (१) बमोजिमस्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ।

(३) उपदफा (२) बमोजिम राखिएको अभिलेख पुस्तिका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाट प्रमाणितगराई राखिनेछ ।

१२. **राजपत्र निःशुल्क उपलब्ध गराउनु पर्ने** :नगरपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराउने छः-

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति, काठमाण्डौ,

(ग) नगर कार्यपालिका कार्यालयको सूचना तथा अभिलेख केन्द्र,

(घ) नगर कार्यपालिकाकार्यालय अन्तरगतका सम्बन्धित स्थानीय विभाग,महाशाखावा शाखा,

(ङ) नगरपालिकाका प्रत्येक वडा कार्यालय ।

१३. **वेब साइटमार्फत सार्वजनिक गरिनेः** नगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई नगरपालिकाको वेबसाइटमा छुट्टै खण्ड ( पोर्टल) निर्माण गरीसो वेब साइटमार्फत समेत सार्वजनिक गरिनेछ ।

१४. **बिक्री वितरणतथा बिक्री मूल्यः**(१) यस कार्यविधि बमोजिम प्रकाशित स्थानीय राजपत्रनगरपालिकाका सबै वडा कार्यालय र स्थानीय तहको सूचना तथा अभिलेखकेन्द्र तथा नगर कार्यपालिका कार्यालयले तोकेका शाखा वा एकाइमार्फत बिक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको बिक्री मूल्य देहाय बमोजिम निर्धारण गरिएको छः-

(क) वार्षिक सदस्यताशुल्कः गोकर्णेश्वर नगरपालिकाको वडा कार्यालय वा नगर कार्यपालिकाको कार्यालयबाट बुझिलिने गरी सदस्य बन्न चाहने व्यक्ति वा संस्थालाई वार्षिक सदस्यताशुल्क बापत पाँच सय नब्बे रुपैयाँ ।

(ख)खुद्रा बिक्री गर्दाःखण्ड (क) बमोजिम स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा  संस्थाले स्थानीय राजपत्र खरिद गर्न चाहेमा देहायबमोजिमको खुद्रा बिक्री मूल्य तोकिएकोछः-

(१) एक देखि आठ पेजसम्मको एक प्रतिको पाँचरुपैयाँ,

(२) नौ पेज देखि चौबीस पेजसम्मको एक प्रतिको दश रुपैयाँ,

(३) पच्चीस पेज देखि चालीस पेजसम्मको एक प्रतिको पन्ध्र रुपैयाँ,

(४) एकचालीस पेज देखि छपन्न पेजसम्मको सम्म एक प्रतिको बीस रुपैयाँ,

(५) सन्ताउन्न पेज देखि बहत्तर पेजसम्मको एक प्रतिको पच्चीस रुपैयाँ,

(६) त्रिहत्तर पेज देखि छयानब्बे पेजसम्मको एक प्रतिको  पचास रुपैयाँ,

(७) सन्तानब्बे पेज देखि बढी जतिसुकै पेज भए पनि प्रति पेज अठ्ठाइस पैसाका दरले हुन आउने रकम।

<u>द्रष्टव्यः</u> माथि उल्लेखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार लिइएको छ ।

(३) नगर सभाले स्थानीय राजपत्रको उल्लिखित बिक्री दरमा औचित्य र आवश्यकताका आधारमापरिमार्जन गर्न सक्नेछ ।

१५. **<u>बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :</u>** स्थानीय राजपत्र बिक्री बापत प्राप्त रकमनगरपालिकाकोसञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. **<u>कार्यविधिको व्याख्याः</u>** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. **<u>बचाऊः</u>** यो कार्यविधिप्रारम्भ हुनुभन्दा अगावै नगर सभाले वा नगर कार्यपालिकाले पारित गरी लागू गरेका ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम स्थानीय राजपत्रमा प्रकाशन भएको मानिनेछ ।

# अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भाग

### भाग-१

यस भागमा नगर सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा नगर सभाका नियमहरु प्रकाशन गरिनेछ ।

### भाग-२

यस भागमा नगर कार्यपालिकाबाट जारी नियमावली,निर्देशिका, कार्यविधि,मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

अनुसूची-२

(दफा ४सँग सम्बन्धित)

ऐनको प्रकाशन

# स्थानीय राजपत्र

गोकर्णेश्वरनगरपालिका, काठमाण्डौद्वारा प्रकाशित

खण्डः... .... महिना..... गते,.........सालसंख्याः...

शिरमा,

**भाग१**

**गोकर्णेश्वर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

| नगर सभाले बनाएको ऐनको सम्पूर्ण व्यहोरा |
|---|
| पुछारमा,<br>आज्ञाले,<br>( नाम उल्लेख गर्ने)<br>प्रमुख प्रशासकीय अधिकृत |

## अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

गोकर्णेश्वर नगरपालिका, काठमाण्डौद्वारा प्रकाशित

खण्डः... .... महिना..... गते,.........साल संख्याः...

शिरमा,

**भाग२**

**गोकर्णेश्वर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

नगरकार्यपालिकाबाट जारी भएका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वाअन्य स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

स्वीकृत मितिः .........

पुछारमा,

आज्ञाले,

(नाम उल्लेख गर्ने..)

प्रमुख प्रशासकीय अधिकृत

स्वीकृत मितिः २०७५/०१/०९

आज्ञाले,

दिपक कोइराला

प्रमुख प्रशासकीय अधिकृत